# Journal of Research and Analysis

(A Multidisciplinary and Multilingual Peer-reviewed Journal)
Published by:
Technology Twenty Fifty Pvt. Ltd
Website: https://technology2050.com.np/
ISSN: 3059-9571

# श्रीमद्भगवदगीता तत्त्वप्रकाश व्याख्या खण्ड ५ (अ. १३-१८) मा भएका केही विशिष्ट व्याख्याहरू

**सहप्रा. डा. चेतमणि न्यौपाने**[१]
वेदान्त विभाग, वाल्मीकि विद्यापीठ
yadukumarsharma@gmail.com

## (१) लेखसार

श्रीमद्भगवद्गीता तत्त्वप्रकाश व्याख्या खण्ड ५ का केही विशिष्ट व्याख्याहरू भन्ने लेखमा तत्त्वप्रकाश व्याख्याको पृष्ठभूमिदेखि प्रवचन शृङ्खला र टेपरेकर्ड पद्धति हुँदै मूर्त रूपमा आएको विषय उल्लेख भएको छ । त्यसैगरी खण्ड ५ मा अध्याय १३ – १८ सम्मको यो खण्डमा क्षेत्रक्षेत्रज्ञको स्वरूपको गूढ व्याख्या, जीव र ईश्वरमा एकता, अविद्याको अनादि भावस्वरूप निर्वचन, त्यसैगरी असंसारी आत्माको स्वरूप, संसारको ब्रह्मवृक्ष उपपादन र वेदशब्दको निर्वचन आदि विषयहरू रहेका छन् । यिनै विषयहरूको व्याख्या र विश्लेषण गर्ने प्रयास यो आलेखमा भएको छ ।

## (२) शब्दकुञ्चिका

साक्षात्कार, सात्त्विक, राजस, तामस, मुक्तावस्था, ब्रह्मवृक्ष, चितेनिधेय र चित्य इत्यादि ।

## (३) विषय प्रवेश

भारतवर्षमा सबैभन्दा धेरै व्यक्तिहरूले कलम चलाएको धर्मग्रन्थ गीता हो । गीताशास्त्रको बारेमा थाहा नपाएका सनातनीहरू न्यून होलान् । प्राय सबै जसो सनातनीहरूले गीताशास्त्रको संग्रह गरेका पढेका छलफल गरेका साथै वादकथाहरू चलाएका पनि देखिन्छन् । यी सबै पृष्ठभूमिमा पाशुपत क्षेत्रको वासुकी आश्रममा सत्संगबाट विकसित भएको प्रवचन शृङ्खला त्यसमा आदरणीय गुरु प्रा.डा. दीर्घराज घिमिरे गुरुको प्रवचनलाई टेप गरेर मूर्तरूपमा उतारिएको श्रीमद्भगवद्गीता तत्त्वप्रकाश व्याख्या खण्ड ५ का केही विशिष्टव्याख्याहरूको संक्षेप रूप यो आलेखमा प्रस्तुत हुन्छ । यी विशिष्ट व्याख्याको संक्षेप रूपले तत्त्वबुभुत्सुहरूमा थप जिज्ञासा जगाउने छ ।

---

१. डा. चेतमणि न्यौपाने नेपाल संस्कृत विश्वविद्यालयअन्तर्गत वाल्मीकि विद्यापीठ, काठमाडौँमा वेदान्त विषयका सहप्राध्यापक हुनुहुन्छ । उहाँको शैक्षिक रूचि वेदान्त, इतिहासपुराण र धर्मशास्त्र विषयक्षेत्रमा केन्द्रित छ । विशेषतः धर्म र संस्कृतिसँग सम्बद्ध क्षेत्रको अध्ययन, अध्यापन र अनुसन्धान कार्यमा उहाँ संलग्न हुनुहुन्छ ।

## (४) समस्या र उद्देश्य

लोकमा प्राय सबै सनातनी जनसमुदाय गीताशास्त्रबाट सुपरिचित छ। गीताको कथा वस्तु र गीताशास्त्रमा उल्लेख भएको ज्ञानयोग, कर्मयोग भक्तियोगका बारेमा पनि जिज्ञासु समुदायहरू सुपरिचित छन्। कतिपयले गीताशास्त्रको तात्पर्य भक्तिमा रहेको बुझेका छन्। कतिपय जिज्ञासुहरूले गीताशास्त्रको तात्पर्य कर्ममा रहेको बुझेका छन् भने कतिपय जिज्ञासुहरूले गीताशास्त्रको तात्पर्य ज्ञानमा रहेको बुझेका छन्। प्रस्तुत आलेखमा गीताशास्त्रका प्रवचनकर्ता तथा व्याख्याता प्रा.डा. दीर्घराज घिमिरे गुरुकाअनुसार गीताशास्त्रको उपदेश युद्धमैदानको बीचमा भएको भए पनि यसको तात्पर्य ज्ञानमा रहेको छ भन्ने प्रष्ट पारिएको छ। त्यसैगरी व्याख्याकारका अनुसार ज्ञाननिष्ठामा दृढताका लागि गीताव्याख्या तत्त्वप्रकाश आएको हो भन्ने प्रष्ट्याउने यो आलेखको उद्देश्य रहेको छ। त्यसैगरी ज्ञाननिष्ठामा तात्पर्य रहेको उपनिषद्हरूको सार गीताशास्त्रमा ज्ञानका हरेक पक्षमा गूढ रहस्यात्मक श्रुतितात्पर्यलाई उद्घाटन गर्नु यो तत्त्वप्रकाश व्याख्याको खण्ड ५ को उद्देश्य रहेको छ। त्यसको केही अंशहरूको सारसंक्षेप यो आलेख हो।

## (५) पूर्वकार्यको समीक्षा

प्रस्तुत आलेखमा आजसम्म गीताव्याख्याको शृङ्खलामा तत्त्वप्रकाश व्याख्याको आजसम्म कुनै पनि विद्वानले कलम नचलाएको साथै व्याख्या नभएको शास्त्रको ऊहापोह नभएको र गीताको तत्त्वार्थबोध नभएको हुँदा यो आलेखमा विशिष्ट विद्वानको व्याख्याका आधारमा उल्लेखित विषयहरूको समीक्षा गर्ने प्रयास गरिएको छ।

## (६) शोधविधि र सीमा

प्रस्तुत लेखमा मुख्यतःपुस्तकहरूको प्रयोग गरी अध्ययन विधि नै अपनाइएको छ। यहाँ विभिन्न शास्त्रप्रमाणहरूका आधारमा तत्त्वनिरूपणको विश्लेषण पनि गरिएको छ। अत: विश्लेषणात्मक विधि पनि प्रयोग भएको छ।यहाँ प्रस्तुत तत्त्वप्रकाश टीकाको विशिष्ट व्याख्याहरूको संक्षेप केही व्याख्याहरू प्रस्तुत गरिने यो लेखको सीमा वेदादिशास्त्रहरू र गीता नै हो।

## (७) तत्त्वप्रकाश व्याख्यायको पृष्ठभूमि

पशुपतिपरिसरको वासुकि आश्रममा पहिले विभिन्न विद्वान् र शास्त्रज्ञहरूबाट दर्शन र शास्त्रका बारेमा चर्चा परिचर्चा र छलफल हुने गर्थ्यो। संयोगवश प्रा.डा. दीर्घराज घिमिरेज्यूले श्रीमद्भगवद्गीताको प्रवचन गर्नसुरु गर्नुभयो। संवत् २०५३ साल मंसीरबाट गीता शास्त्रको प्रवचन थालनी भयो। आद्यगुरु श्रीशंकराचार्यको शाङ्करभाष्य र अन्य ७ वटा टीका व्याख्यानलाई आधार बनाई गीताको सूक्ष्मातिसूक्ष्म विवेचन हुँदै सुन्तलाका बोक्रा छोडाएझैं वेदान्तका रहस्यहरू उद्घाटित हुँदै आए। (गीता तत्त्वप्रकाश व्याख्या प्रकाशकीयमा पहिलो पेजबाट) यसरी रहस्यात्मक प्रवचनको शृङ्खला सुरु भएको २ महिना जति पछि म पनि वासुकिमा प्रवचन सुन्न पुगेँ। भ्याएसम्म सधैंको प्रवचनमा उपस्थित हुने मेरो आदत बन्यो। यहि क्रममा पूर्वसचिव मुमुक्षु शरत्कुमार भट्टराइको नेतृत्वमा आदरणीय गुरु प्रा.डा. दीर्घराज घिमिरेको प्रवचनको टेपरेकर्ड गर्ने कार्यको थालनी भयो सायद यो कार्य २०५३ फागुनतिर हुनुपर्छ। यसरी थालिएको टेपरेकर्डलाई सुनेर कापीमा टीप्ने र पुस्तक छपाउने भन्ने उद्देश्यले सर्वप्रथम उक्त कार्यका लागि शरत्कुमार भट्टराईको सक्रियतामा हाल त्रिवि.मा प्राध्यापनरत प्रेम चौलागाईँलाई नियुक्त गरियो। केही महिना उक्त टेपलाई कापीमा उतारेर मूर्तरूप दिने कार्य गरे पछि प्रेम चौलागाईँले छोड्नु भयो र त्यो ठाउँमा हाल वाल्मीकि विद्यापीठका न्यायविगका प्रा. अच्युतप्रसाद लामिछाने गुरुलाई खटाएको र सो कार्य अघि बढेको पनि मलाई सम्झना छ। दश अध्यायसम्मको व्याख्याको मूर्तरूप अच्युत गुरुबाट भएपछि ११–१८ अध्यायको व्याख्याकोटिपोटको मुर्तरूप वाल्मीकि विद्यापीठकै गुरु नेत्र अधिकारीबाट भएको मलाई प्रत्यक्ष थाहा छ। यसरी मूर्तरूपमा आएको तत्त्वप्रकाश व्याख्याको पहिलो खण्ड जनकशिक्षा सामग्री केन्द्रले नै छापेको हो। पहिलो भागको प्रकाशन पश्चात् बीचमा केही व्यवधान भयो र पनि दोस्रो तेस्रो भागको प्रकाशन भयो। त्यसैगरी केही ढिला सुस्ती भए पनि चौथो र पाँचौ भागको पनि प्रकाशन भयो। गीताको प्रवचन सकिएपछि पशुपति मन्दिर परिसरमा शङ्करमठमा उपनिषद्हरूको पनि प्रवचन चलिनै रह्यो र श्रोताहरूको चाहनामा कुनै पनि रोकावट भएन। यसरी उपर्युक्त पृष्ठभूमिबाट

गीताप्रवचनको टेपको मूर्तरूप व्याख्या प्रकाशन भई हाम्रो सामु प्राप्त भएको छ । यसमा मूर्तरूप दिने सदिच्छा भएका सम्पूर्ण शुभेच्छुक साधकहरूमा आभार प्रकट गर्दछु ।

## (८) क्षेत्र र क्षेत्रज्ञ

गीता तत्त्वप्रकाश व्याख्या पाँचौं खण्डमा १३ – १८ अध्यायहरू रहेका छन् । यो पाँचौ खण्डमा १३ अध्यायाको शुरुमा नै क्षेत्रक्षेत्रज्ञको बारेमा बताइएको छ । **"इदं शरीरं कैन्तेय क्षेत्रमित्यमिधीयते । एतद्यो वेत्ति तं प्राहुः क्षेत्रज्ञ इति तद्विदः ।।"** (गीता १३ ।१) अनेकभावमा विस्तारित संसार मिश्रित हुनाले यहि संसारको व्यष्टिरूप शरीर संघात हो । यहि संघात र संघातज्ञको क्षेत्रक्षेत्रज्ञको रूपमा उपस्थापन १३औँ अध्यायमा भएको छ । शरीरदेखि बुद्धिसम्मको जडवस्तुको प्रवृत्ति स्वतः नहुने हुँदा यसका निमित्त प्रेरक वा परिचालक चाहिने हुँदा जडवृत्तिक्रियाबाट अन्तर्यामी चेतनको अनुमान हुन्छ । यसरी अनुमित वस्तु जडविशिष्ट चेतन हो । यो नै मन, बुद्धि आदिको अभिमानी इदं पदद्वारा परामृष्ट हो । परमार्थ दृष्टिमा आत्माको कुनै विशेषण नै हुँदैन तर यहाँ विशिष्ट आत्माको कल्पना भएकाले आध्यासिक सम्बन्ध जनित विषयसम्बन्ध मानेर विशिष्ट आत्मा भन्ने प्रवाद चलेको हो । यहि विशिष्ट आत्माले शरीरलाई चलाउँछ (तत्त्वप्रकाश, पाँचौँ खण्ड, पृ.३) क्षण क्षणमा नाश भइरहने शरीर हो । त्यसैले **"श्रीयते इति शरीरम्"** यस्तो व्युत्पत्ति गरिन्छ । त्यसैगरी मन, बुद्धि प्राण आदिको आश्रय शरीर हो यो आश्रय सिद्धिका लागि **"श्रीयते इति शरीरम्"** यस्तो व्युत्पत्ति गरिन्छ ।

शरीरलाई राम्रोसँग उपयोग गरेर तत्त्वज्ञान गर्नु पर्छ नत्र आत्मघाती भइन्छ । शरीर क्षेत्र हो भने शरीरलाई जान्ने क्षेत्रज्ञ हो । यहि क्षेत्रज्ञले नै शरीरलाई रक्षा गर्दछ । क्षेत्रमा राम्रो नराम्रो जस्तो बीज पनि उम्रन्छ त्यस्तै शरीरमा कर्मफल प्राप्त हुने भएकाले क्षेत्र भनिएको हो । शरीररूप क्षेत्रलाई शिरदेखि पाउसम्म वेदन गर्ने क्षेत्रज्ञ हो । यो क्षेत्रज्ञ आफ्नै मर्यादामा रहन्छ भने क्षेत्र आफ्नो मर्यादामा रहन सक्दैन त्यसैले क्षेत्रज्ञमा कर्तृत्वको विवक्षा भएको हो (गीता, तत्त्वप्रकाश, खण्ड ५, पृ.४) **"क्षेत्रज्ञं चापि मां विद्धि सर्वक्षेत्रेषु भारत । क्षेत्रक्षेत्रज्ञयोर्ज्ञानं यत्तज्ज्ञानं मतं मम ।।"** (गी.१३।२) परमात्मा र क्षेत्रज्ञमा एकीभाव छ । सुखदुःखादि क्षेत्रज्ञमा रहँदैनन् क्षेत्रमा रहन्छन् । सुखदुःख धर्माधर्मजन्य हुन्छ ती अनात्मधर्म हुन् अनात्मधर्ममा देहभावित्व रहन्छ । क्षेत्रज्ञ द्रष्टा हो । द्रष्टाको देह हुँदैन क्षेत्र दृश्य हो द्रष्टा र दृश्यको भेद बुझेपछि अपवर्ग हुन्छ । संसारलाई बुझ्ने भनेको प्रमाताले प्रमाणवृत्तिबाट हो । प्रमाताले प्रमाणवृत्तिका माध्यमले ज्ञान गरी सकेपछि प्रमाणवृत्ति निवृत्त हुन्छ अनि त्यहि आत्मा क्षेत्रज्ञ हुन्छ । क्षेत्रज्ञमा क्षेत्रज्ञत्व रहेको हुन्छ शोधनको क्रममा यो पनि जान्नु पर्छ । क्षेत्रज्ञमा भासित क्षेत्र विषयता निवृत्ति पछि स्वयं अक्षर ब्रह्म हुन्छ । अक्षर ब्रह्मको अक्षरत्व रूप उपाधि ज्ञानद्वारा नष्ट हुनु निष्कलङ्कब्रह्म भाव हो । यहि विषय विवेक प्रस्तुत श्लोकबाट बुझ्नु पर्छ । (तत्त्वप्रकाश व्याख्या, खण्ड ५, पृ.५) व्यवहारकालमा जीवात्मा र अक्षर ब्रह्ममा भेद छ भन्ने सङ्केत देखाउन उपर्युक्त गीता १३ ।२ श्लोकमा च र अपि दुइवटा निपात प्रयोग भएको छ । अनेक क्षेत्रमा विभक्त आत्मा अर्थात् क्षेत्रज्ञ असंसारी हो । एउटै शरीरका उपाधिमा त अनेकता छ भने अनेकभावमा विस्तारित जगत्प्रपञ्चमा अनेकता हुनु स्वाभाविकै हो । अनेक उपाधिको माध्यमले बुझिने आत्मा मायोपहित हो त्यो अक्षरब्रह्म हो र सच्चिदानन्द हो । सर्वक्षेत्रमा बस्ने क्षेत्रज्ञ एउटै हो । यसमा रहेको ज्ञत्व हटेपछि केवल चेतनमात्र बाँकी रहन्छ । बुद्धिको प्रतिष्ठा नभए सम्म जुन किसिमबाट क्षेत्रक्षेत्रज्ञ ज्ञेय हुन्छन् त्यही किसिमले बुझ्नुपर्छ । जब वृत्ति नबरालिने स्थितिमा पुग्छ त्यसपछिको प्रयासले आत्मैकत्व ज्ञान हुन्छ त्यतिबेला चेतनमात्र बाँकी बस्छ त्यो केवल ज्ञान हो त्यो नै सम्यक् ज्ञान हो । त्यो नै निष्कलङ्क ब्रह्म हो यहि सिद्धान्त बुझ्नुपर्छ (तत्त्वप्रकाश व्याख्या, खण्ड ५, पृ.८)

## (९) जीव र ईश्वरमा एकता

सर्वक्षेत्रमा एउटै ईश्वर छ जीवात्मा पनि त्यही हो । पूर्वपक्षले जीव र ईश्वर भिन्ना भिन्नै हुन् जीवात्मा भोगी हो त्यसलाई संसार चाहिन्छ ईश्वरलाई चाहिँदैन उ अभोक्ता हो यसरी भन्दछन् । त्यसैगरी दुबैलाई एकै मान्ने हो भने ईश्वर संसारी होला भोक्ता होला त्यस्तै दृष्टविरोध पनि पर्न जान्छ यसप्रकारको शङ्का गर्दछन् । उसो भए ईश्वरमा वा ईश्वरको अन्तर्भाव जीवमा मान्ने ? यसरी ईश्वरमा जीवको

अन्तर्भाव मान्दा संसारको अभाव हुन्छ त्यस्तै जीवात्मामा परमात्माको अन्तर्भाव मान्ने हो भने ईश्वर संसारी हुन्छ, त्यो श्रुति विपरित हुन्छ यसप्रकारका शंकाहरू आएको देखिन्छ पूर्वपक्षमा । यसको समाधानमा के भनिन्छ भने दुइवटा मार्ग छन् श्रेयोमार्ग र प्रेयोमार्ग **"श्रेयश्च प्रेयश्च मनुष्यमेतस्तौ सम्परीत्य विविनक्ति धीरः श्रेयो हि धीरोऽभि प्रेयसो वृणीते प्रेयो मन्दो योगक्षेमाद्वृणीते ।।"** (कठो. २। १। २) यसरी श्रेयोमार्गमा लाग्नेको श्रेय प्राप्ति हुने कार्य सहित संसारको नाश हुने निश्चित छ भने प्रेयोमार्गमा लाग्नेको संसार नाश सम्भव छैन । यहाँ माथि पूर्वपक्षमा उठाइएका शङ्काहरू प्रेयोमार्गको अभिप्रायमा आएका हुन् । प्रेयो मार्ग प्रवृत्ति मार्ग हो भने श्रेयोमार्ग निवृत्ति मार्ग हो । श्रेयोमार्गमा लाग्ने ज्ञानीको संसार र संसारको कारणको नाश हुने हुनाले ज्ञानीको संसार हुँदैन ब्रह्म ज्ञानी ब्रह्म नै हुन्छ । ब्रह्मज्ञान नहुन्जेल देखिएको प्रपञ्च ब्रह्ममा अडिएको छ । जब ब्रह्मज्ञान हुन्छ त्यसको प्रपञ्च समाप्त भएर केवल ब्रह्म बाँकी रहन्छ । जीवात्मा भोगी हो भन्ने पूर्वपक्षमा उठाइएको छ त्यो वास्तविक हो भोगसम्बन्ध व्यवहार कालमा हुन्छ । भोगसम्बन्धका लागि अध्यास अपरिहार्य छ । यो भोगसम्बन्ध विशिष्ट आत्माको हुन्छ । यो श्रेयोमार्गमा प्रतिष्ठित नहुन्जेल साधक प्रेयोमार्गमानै प्रवृत्त भइरहेको हुन्छ । यी अवस्थामा अध्यास हुने केवल आत्मलाई विशिष्ट ठान्ने र भोगसम्बन्ध हुने यो व्यवहार सिद्ध तथ्य हो ।

वास्तवमा देहादिमा आत्मबुद्धि हुनु मुर्खता हो । देहादिमा आत्मबुद्धि रागद्वेषादिबाट हुन्छ । राग र द्वेष रज र तमोगुणका कार्यहरू हुन् । अनादि कालदेखि प्रवाहित रजस्तमोवृत्तिद्वारा देहादिमा आत्मबुद्धिको आधान हुन्छ । तमोवृत्ति अविद्या हो । अविद्या रहुन्जेल संसार रहन्छ । संसारमा आसक्त संसारी हो । संसारिता रहुन्जेल जन्मने र मर्ने क्रम चलिरहन्छ । यो क्रम नचल्न देहादि देखि अतिरिक्त आत्माको साक्षात्कार हुनु पर्छ । साक्षात्कारी पुरुषको रागद्वेषादि दोष निवृत्त हुन्छन् र धर्माधर्मविषयिणी प्रवृत्ति हुँदैन मोक्ष त्यही हो । मोक्षभावमा पुगेका साधक आत्मदर्शी हुन देहको निमित्त भोगसामग्री जम्मा गर्न चाहँदैनन् । (तत्त्वप्रकाश व्याख्या, खण्ड ५, पृ. ११) यसरी अभेदज्ञानका लागि जीवात्मालाई नै परमात्मानै अन्तर्भाव गरिन्छ । जसलाई ज्ञान हुन्छ उसका लागि संसार नाश हुन्छ अविद्या पनि समाप्त हुन्छ । यता अज्ञानीका हकमा संसार पनि चलिरहन्छ अविद्या पनि रहिरहेकै हुन्छ श्रेयोमार्ग पनि फलिभूत भैरहेकै हुन्छ । जीव र ईश्वरमा एकता हुन नदिने तत्त्व भनेको अनादि अनिर्वचनीय अविद्या हो, अविद्याको समूलनाश ब्रह्मज्ञानबाट मात्र हुन्छ । ब्रह्मज्ञानका लागि श्रेयोमार्ग अबलम्बन गर्नै पर्छ । श्रेयोमार्ग अपनाए पछि विस्तारै अविद्याका मात्राहरू घटन थाल्दछन् र चित्तशोधन हुन्छ । त्यसपछि तत्त्वज्ञानका विभिन्न अनुभूतिहरू हुन थाल्दछन् । क्रमस चरम-वृत्ति उदय हुन थाल्छ र अन्तमा तत्त्वसाक्षात्कार भई जीवात्मा र परमात्मा एउटै हुन्छ ।

## (१०) अविद्याको स्वरूप

अनादि अनिर्वचनीय भावरूप माया नै अविद्या हो यो अविद्याको आधारमा संसार चलेको हुन्छ । अविद्याको अधीनमा संसारी हुन्छ । क्षेत्रज्ञको अधीनमा अविद्या छ र क्षेत्रज्ञ हरेक क्षेत्रमा बसेको छ । क्षेत्ररूप संसार अविद्याबाट चल्छ अविद्या तमोविकारबाट बन्छ भने विधा सत्त्ववृत्तिबाट बन्दछ अर्थात् विद्या सत्त्व धर्म हो । प्रकाशात्मक सत्त्व हो भने आवरणात्मक तम हो । सत्त्व र तम दुवै चेतनका धर्म होइनन् मायाका धर्म हुन् । दुवै धर्म मायाका भए पनि सत्त्व आत्मासम्म पुग्न सक्छ भने तम पुग्न सक्दैन । समधर्ममा किन यस्तो भयो भन्ने जिज्ञासा हुन्छ । सात्त्विकी, राजसी र तामसी बुद्धिका वृत्ति हुन् । बुद्धिवृत्ति सत्त्वप्रधान भए सूक्ष्म भावमा जान सक्छ राजसवृत्ति भएमा क्रियामा अन्वित हुन्छ भने तामसवृत्ति भएमा ज्ञान ढाकिएर जडमय हुँदै मूढ बुद्धिवाला हुन्छ । बुद्धि आत्माको नजिकै रहेकाले आत्माको छायाँ त्यसमा पर्छ र बुद्धि नै कार्यकारी ठानेर म नै आत्मा हुँ भन्ने अभिमान बुद्धिले गर्दछ । माया जड भए पनि सत्त्वप्रधान भएकाले बुद्धिमा छायाँ पर्ने हो अतः बुद्धि आत्माको सन्निकट हुनु र छाया पर्नु सत्त्ववृत्तिको भूमिका हो । बुद्धिमा अत्यन्त सूक्ष्मत्व, अत्यन्तनिर्मलत्व स्वप्रकाशत्व आदि आत्माका जस्ता धर्महरू हुन्छन् । यिनै धर्मसाम्य भएर आत्माको बुद्धिमा अध्यास हुने र छायाँ पर्ने हो । बुद्धिमा तमप्रधानता भएमा संसारी हुन्छ भने सत्त्वप्रधान भएमा ज्ञानतिर व्यक्तिको प्रवृत्ति हुन्छ । बुद्धिमा हुने तामसप्रत्यय आवरणात्मक हो र यो नै अविद्या हो । अविद्याका आवरण शक्ति र विक्षेशक्ति दुबैले गर्ने काम व्यक्तिको बुद्धिबाट हुन्छ । अविद्याको आवरणशक्ति आवृत्त भइसकेपछि विपरितग्रहण संशय र अग्रहण हुन्छन् । यी सबै बुद्धिवृत्ति विशेष नै हुन् यी सबै वृत्ति घट्ने ठाउँ सांसारिक व्यक्तिको बुद्धि हो । यी तीनवटै बुद्धिवृत्ति विशेषले प्रकाशप्रतिबन्धकता गर्छ र व्यक्तिलाई पशुसाधारण बनाइदिन्छ यदि बुद्धिवृत्ति परिष्कृत हुँदै गयो भने बुद्धिमा रहेको मालिन्य रूप अतिशय क्रमशः निवृत्त हुँदै जान्छ र सत्त्वगुणको उदय हुँदै जान्छ । पुरोवर्ति वस्तुमा रजतज्ञान विपरित ग्रहण हो । जगत् प्रपञ्चका देखिने सुनिने वस्तु विपरित ग्रहणका विषय हुन् । भएको कुरा थाहा नपाउनु अग्रहण हो र नभएको कुरा हो भन्ने ठान्नु विपरित

ग्रहण हो । यो हो कि त्यो हो भन्ने धर्मरज्ञान संशय हो त्यसैले यी तीनवटै आवरक हुन् । मायाको तमोगुणले आत्माको वास्तविक पनलाई छोपिदिनु नै आवरण हो । आत्माको वास्तविक ज्ञान हुँदैन तामसप्रत्यय भने हुन्छ त्यो प्रत्यय आत्माको आवरक हो । छोपिएको वस्तु थाहा भए पनि त्यसको इयत्ता थाहा हुन सक्दैन तर धेरै मात्रामा कल्पना सम्म हुन सक्छ । सक्कली वस्तु आवरकले छोपिएकाले देखिँदैन । आवरण ज्ञेय हुनाले ज्ञान विषय हो । सक्कली वस्तुको यथार्थज्ञानमा प्रतिबन्धक हुन्छन् अग्रह, संशय र विपरीत ग्रह । यी तीनवटै अविद्याका भेद हुन् । जस्तै बिर्को लागेको दही ठेकीमा मोहीको कल्पना विपरित ग्रह हो । दही हो वा होइन भन्ने दोधार संशय हो । दही राख्ने भाँडो ठेकी हो भन्ने नबुझ्नु अग्रह हो । आवरकले ढाकेको आत्मामा संसारको कल्पना हुनु आत्माको अग्रह र नभएको संसारको विपरित ग्रह छ । अतः अग्रह, विपरितग्रह र संशय प्रकाशका आवरक हुन् आत्मानात्मविवेकबाट प्रकाश भएपछि आवरक हट्छन् । विवेक पनि बुद्धिवृत्तिविशेष हो । हरेक वस्तु अक्षरब्रह्ममा टुङ्गो लाग्छन् त्यसैले विवेकको टुङ्गो पनि त्यहीँ लाग्दछ । अँध्यारोलाई उज्यालो पार्न निश्चित ठाउँमा बत्ती राख्नु परे जस्तै तामसप्रत्यात्मक अन्धकार नाश गर्न, त्यही स्थानमा प्रकाशात्मक ज्ञान हुनु पर्छ । अर्थात् ज्ञान र अज्ञानमा सामानाधिकरण्य हुन्छ । आवरक रहेकै आत्मामा प्रकाशको स्थिति रहनु पर्दछ अर्थात् त्यहीं प्रकाश हुनुपर्छ । अतः ज्ञान र अज्ञान दुवै आत्मामै रहेको मानिन्छ (तत्त्वप्रकाश व्याख्या, भाग ५, पृ. १५)

### (११) आत्मा अवस्था

संसारिता र असंसारिताको भेदले जीवात्मा र परमात्मामा भेद छ । भेदक अविद्या हो त्यो उपाधि हो । अतः जीवत्व परत्व भेद औपाधिक हो स्वतः होइन । आत्मामा अवस्था भेद हुँदैन त्यसैले वास्तविक रूपमा संसारावस्था र मुक्तावस्था भन्ने कुरै हुँदैन अद्वैत सिद्धान्त यहि हो । अवस्थाज्ञान भ्रमजनित हो । भ्रम हटे जीवात्मा क्षेत्रज्ञ हुन्छ । क्षेत्रज्ञ नै ईश्वर हो । ईश्वरमा अविद्याको सम्बन्ध हुँदैन जीवमा हुन्छ । बन्धन हट्नु मुक्ति हो । बन्धन कल्पित हो स्वतः छैन । अद्वैतको मतमा जीव ईश्वर एकता भएपछि शास्त्रको प्रयोजन हुँदैन जीव स्वयं ज्ञाता अर्थात् ईश्वर हुन्छ (तत्त्वप्रकाश व्याख्या, खण्ड ५, पृ.२१) यी अवस्थाहरू देखाउने मूलकारण माया हो । यो माया ब्रह्माश्रित नै हो केवल होइन त्यसैमा कारणता रहन्छ । यो कारणता मायाद्वारा ब्रह्ममा रहँदा ब्रह्मलाई कारण भनिन्छ । अविद्यावस्थामा विषयविषयिभाव सम्बन्ध रहन्छ भने विद्यावस्थामा विषयताको सम्भव हुँदैन । विद्यावस्था अद्वैतावस्था हो अद्वैतावस्था नै ज्ञानको पराकाष्ठा हो यो अवस्थामा शास्त्रको प्रयोजन रहँदैन तर अविद्यावस्था वा द्वैतावस्थामा शास्त्रको प्रयोजन रहन्छ । सम्पूर्णकर्महरू द्वैतावस्थामानै हुन्छ त्यसको प्रयोजन द्वैतनिवृत्ति हो । द्वैतदृष्टि बन्धन हो र त्यहि अविद्या हो । अविद्याको आरोप आत्मामा भए सम्म बन्ध हुन्छ बन्धनिवृत्ति मुक्तावस्था हो । यहि अवस्था क्षेत्रज्ञको हो । क्षेत्रज्ञमा रहेको क्षेत्रज्ञत्व हट्नासाथ त्यो परमात्मा नै हो । क्षेत्रज्ञ ईश्वर हो यसमा बन्ध छैन । क्षेत्रज्ञमा अवस्थाको कल्पना आध्यासिक र कल्पित हो । क्षेत्रज्ञ अखण्ड चेतन हो । जीवात्मामा भएको अवस्थाभेद अविद्या जनित र अध्यासमूलक हो यसको आरोप क्षेत्रज्ञमा गर्नु कल्पित कुरा हुन् र अवभास हुन् । यी अवभास र कल्पनालाई त्यागेर हेयोपादेय विवेक गरेमा अक्षरब्रह्मको साक्षात्कार हुन्छ । (गीताव्याख्या, खण्ड ५, पृ. २४) यी सम्पूर्ण विचारहरूबाट आत्मामा अवस्थाभेद नभएको प्रष्ट हुन्छ ।

### (१२) ब्रह्मवृक्ष

सुख दुःख र धर्माधर्मको कार्यकारणता संसारभित्रकै हो । संसारमा भोगप्रधानता रहन्छ । अपवर्गमा भोगको सम्भावना छैन । अतः धर्माधर्मलाई संसारवृक्षको फूल र सुखदुःखलाई फल भनिएको हो **"आजीव्यः सर्वभूतानां ब्रह्मवृक्षः सनातनः । एतद् ब्रह्मवनं चैव ब्रह्माचरति नित्यशः ।।"** (गीताव्याख्या, खण्ड ५,पृ.१६५) प्राणीमात्रको आजीव्य ब्रह्मवृक्ष हो । यो ब्रह्मवृक्ष सनातन छ अव्यय छ ब्रह्मवन यहि हो यसमा ब्रह्म नित्य भ्रमण गर्दछ । **"वनु संभक्ते र वनु याचने"** (सिद्धान्तकौमुदी, भ्वादि, धात्वङ्क १४।७१) वन शब्द निष्पन्न हुन्छ । सम्भक्तिको अर्थ बाँड्नु वा लाग्नु हो । संसारभित्रका प्राणी फलप्राप्तिपर्यन्त लागिरहन्छन् अर्थात् अपवर्ग नहुञ्जेल संसारमा डुल्छन् । याचन भनेको माग्नु हो ब्रह्म माग्नका लागि वनमा नित्य डुल्दछ । वनमा पदको अर्थ जल हो यहाँ जल भन्नाले संसार बुझ्नुपर्छ । यहाँ जलले उपलक्षित अर्थात् चलायमान बगिरहने चलिरहने संसार बुझ्नुपर्छ **"अप एव ससर्जादौ तासु बीजमवासृजत्"**(मनु. १।८) अर्थात् भोगोन्मुख प्राणीको भोगसम्पादनका लागि ईश्वरले सृष्टि गर्दछन् । 'वनम्'को अर्थ घर पनि हुन्छ यहाँ घर भनेको शरीर हो । संसार वनै हो संसारलाई समेट्ने सञ्चालन गर्ने र उद्भाव गर्ने ब्रह्म नित्य यहीँ घुम्छ (गीताव्याख्या, खण्ड ५, पृ. १६६) 'वनम्' भनेको उपकार पनि हो ।

संसारभित्र अनेकप्राणीसमूह छन् । ती समूहमध्ये कतिपय अचेत जस्तै छन्, कतिपय भने सचेत छन्, तिनमा पनि तरतमभाव छ । तरतमभित्रमा श्रेष्ठ मनुष्य हो । मनुष्यमा मात्र ज्ञानाधिकारिता हुन्छ । तिनलाई ज्ञानमार्गमा लाग्न निरन्तर प्रेरणा दिने काम ईश्वरले गर्दछ । ईश्वरका ती आवेश शास्त्रद्वारा अभिव्यक्त हुन्छन् । तदर्थ शास्त्रानुसारी आचरणमा लाग्नु ईश्वरको आदेश पालना गर्नु हो । यसरी ईश्वरको आदेश पालना गर्दा अनिष्टनिवृत्ति र इष्टप्राप्ति हुन्छ । यो नै फल हो, फलका निमित्त उत्प्रेरित गर्नु उपकार हो । हरेक प्राणीमा अधिकारी भेद अनुसार यस्तो काम ईश्वरबाट हुँदै आएको छ अतः संसारमा रहेर संसारी बनेर पनि राम्रो काम गर्नरोकिँदैन भन्ने बुझ्नुपर्छ । ईश्वरको उपकारले वस्तुगत्या दुःखमा जानबाट रोक्ने काम गरेको हो ।

ब्रह्मवृक्षको छेदन र भेदनद्वारा आत्मामा पुगिन्छ । काट्न वा उखेल्न धारिलो खड्ग चाहिन्छ खड्ग परमज्ञान हो । परमज्ञानमा पुगेपछि पुनः संसारमा फर्कनु पर्दैन आत्मरति हुन्छ **"एतच्छित्वा च भित्वा च ज्ञानेन परमासिना । ततश्चात्मरतिं प्राप्य तस्मान्नावर्तते पुनः"** । (वायुपुराण १०।१०५– १०८) वनमा अनेक रुखहरू हुन्छन् । त्यस्तै संसारमा पनि अनेक जातिहरू छन् ती हुन्– ज्ञत्व, कर्तृत्व, भोक्तृत्व, साक्षित्व, भोगकरणत्व र आयतनत्व । यी मध्ये कुनैलाई काटेर उखेल्नु पर्छ भने कुनैलाई नकाटी उखेल्न सकिन्छ । ज्ञत्त्व आत्मधर्म हो यसको उत्पत्ति बुद्धिमा हुन्छ । कसरी भन्ने जिज्ञासामा यसरी उपपत्ति हुन्छ– बुद्धिमा आरोपित ज्ञत्व हो सोझै उखेल्न सकिंदैन बुद्धिका अनेकवृत्ति काट्नु पर्छ अनि ज्ञत्व उखेलिन्छ । यसरी उखेले पछि 'ज्ञ' बाँकी रहन्छ । त्यसैगरी कर्ताको धर्म कर्तृत्व हो आरोपित हुनाले भ्रमात्मक ज्ञान हो यो भ्रमात्मक हो भन्ने मननद्वारा सजिलै बुझ्न सकिन्छ । ज्ञातृत्व र कर्तृत्वको मूलमा विस्तारित फलसम्बन्ध आत्माको भोक्तृत्व हो । यहाँ फलसम्बन्ध मिथ्या हो । ज्ञातृत्व र कर्तृत्वको छेदनबाट भोक्तृत्व स्वतः हट्छ । साक्षित्व ब्रह्मको धर्म हो । कुनै पनि पक्ष नलिनु साक्षित्व हो यो ज्ञातृत्व सम्बन्धित हुन्छ । साक्षिगत उपाधि सूक्ष्मतम हुन्छ । मनन-निदिध्यासनबाट निवृत्त हुनसक्छ । भोगको लागि करण र आयतन चाहिन्छन् । यी दुबै ज्ञातृत्व र कर्तृत्वको आनुषङ्गिक हुन्, भोग हटेमा स्वतः हट्नेवाला हुन्, इन्द्रिय अर्थात् ससाधन ज्ञान र कर्मसमाप्तिसँगै संसार समाप्त हुन्छ । अतः फलसाधनभावको समाप्ति फलतः संसार समाप्ति हो । संसार वृक्ष मायामय छ यसका शाखा तलतिर छन् । ती हुन् महत्तत्त्व, अहंकार र तन्मात्रादि । तन्मात्राको आदिपद इन्द्रियादिग्राहक हो । इन्द्रियादिको आदि पदले आयतन बुझाउँछ । संसारवृक्ष ढलेर डिलमुनि गएको रुख जस्तै हो । त्यो डिलमुनि गएको रुखको फेद माथि र हाँगाबिँगा तल फुर्केका हुन्छन् । त्यस्तै संसारवृक्षको पनि मूलमाथि र शाखा तल हुन्छन् । यस्तो रुख सुक्न धेरै दिन नलाग्न सक्छ, भोलिसम्म पनि टुङ्गो छैन यसलाई अश्वत्थ त्यसैले भनिन्छ । **नश्वः अपि स्थाता इति अश्वत्थः तं क्षणप्रध्वंसिनम् अश्वत्थं प्राहुः कथयन्ति ।'प्राहु'** पदले प्रमाणको सूचना गर्दछ । यो वेदपुरुषको कुार हो । संसारवृद्ध लोकसिद्ध होइन शास्त्रसिद्ध वस्तुगत कुरा हो । अश्वत्थ वृक्षको विशेषण अव्यय हो । अनादिकालदेखि प्रवृत्त अनन्त देहादिको आश्रय मायामय संसार अव्यय छ अनन्त छ यो कुरा लोकप्रसिद्ध छ । संसारवृक्षका रुखका पातहरू वेद हुन् । पात नभएका रुख प्रायः हुँदैनन् पातले रुखलाई रक्षा गरेझैं वेदपातले संसारवृक्षको रक्षा गरेका छन् । वेदको पाउ छन्द हो छन्दमा वेद अडेको हुन्छ । छादनात् छन्दः यहाँ छादनको अर्थ प्रावरण हो । रक्षा गर्न छोप्नुपर्छ वेदवर्णित कर्म गर्दा संसारको रक्षा हुन्छ । कर्मबाट फल हुन्छ फलको आरोह अवरोह हुनु स्वाभाविकै हो । प्रवृत्तिका निम्ति फलस्तुति वेदमा हुन्छ फलस्तुतिले संसारदोष छोपिन्छन् । कर्तामा आसक्ति बढ्छ कर्ममा प्रवृत्त हुन्छ र संसारको रक्षा हुन्छ । यसरी व्याख्या भएको संसारवृक्षसमूल जान्ने वेदार्थवित् हो । मूलसहित संसारवृक्ष समूल जान्ने वेदार्थवित् हो । मूलसहित संसारवृक्षदेखि अतिरिक्त जान्न योग्य वस्तु अणुपनि अवशिष्ट रहँदैन अर्थात् संसारवृक्ष वा ब्रह्मवृक्ष भित्र सबै पर्दछ । अवशिष्ट नहुनु सर्वज्ञता हो अर्थात् ब्रह्मवृक्ष बुझ्ने सर्वज्ञ हो । यसरी मूलसहित संसारवृक्ष वा ब्रह्मवृक्षको स्तुति यो हो (तत्त्वप्रकाश व्याख्या, खण्ड ५, पृ. १६७)

## (१३) वेदनिरुक्ति

**"वेदनं वेदः"** अर्थात् जान्ने र जानिने वस्तु वेद हो । यस अर्थमा वेदको अर्थ ज्ञान वा परमात्मानै हो । यो भावव्युत्पत्तिलभ्य अर्थ हो । त्यसैगरी **"वेद्यते अनेन इति वेदः"** वस्तु छ । भन्ने थाहा हुन वेद हो यो बुद्धिबाट थाहा हुन्छ अतः ज्ञानसाधनको आख्यान गर्छ यो अर्थ साधनव्युत्पत्तिलभ्य हो । बुद्धिवृत्तिमा भासित चेतनको सत्ता सर्वत्र आरोपित छ भन्ने प्रतीतिको माध्यम वेद हो । सत्ता नभएका विषय हुँदैनन् तर विषयको वास्तविक रूपमा सत्ता हुँदैन । यहाँ विषयत्व प्रतीत्यर्थ चेतन तादात्म्य मान्नुपर्छ त्यसपछि चेतन र विषयको एकीभाव हुन्छ यसो भएपछि हुने प्रतीति ज्ञान हो ।**"विद्यन्ते वेद्यन्ते वा ये वेदाः"** यस प्रकारको व्युत्पत्तिबाट अपवर्गपर्यन्त जान्नुपर्ने वेद हुन् । यी सबै

अर्थहरू व्युत्पत्ति भेदेन वेद पदले समेटेको छ । **"विदज्ञाने,विद् विचारणे, विद सत्तायाम् विद्‌लृलाभे"** (भट्टोजीदीक्षित, सि. कौमुदी, अदादि धात्वंक १०६४, दिवादि धात्वंक ११७१, १४५१, १३३३) यी चारवटा धातुबाट वेद शब्द बन्दछ । कर्ताभिन्न भाव अर्थमा धञ् प्रत्यय भएर वेद शब्द बन्दछ । सृष्टि स्थिति, प्रलयादि सम्पूर्ण वस्तु वेदभित्र समेटिन्छन् अत वेद शब्दले योग र रूढ दुबै अर्थलाई बोध गराउँछ । त्रयो वेदास्त्रयी विद्या, त्रयं ब्रह्म आदि प्रयोग हुन्छ । **"त्रयी वै विद्या ऋचो यजूंषि सामानि"** (गीताव्याख्या, खण्ड ५, पृ.१९८) **"ऋच् स्तुतौ"** (धात्वंक १३०३, गीताव्याख्या, पृ.२२०) धातुबाट ऋक् शब्द निष्पन्न हुन्छ, स्तुति विधि अनुसार गरिन्छ अतः ऋक्को अर्थ सामान्य भावमा जाँदैन त्यसैले नियमानुसार अक्षर र पादवद्ध ऋक् हो । विधिविहित वस्तुलाई यथार्थरूपमा उजागर ऋक्ले गर्छ । ऋक्मा गान चढेपछि साम हुन्छ । साममा शब्दस्वर विस्तार हुनुपर्छ । कर्तृसापेक्ष शब्द हुन्छ यो गान नियमपूर्वक हुन्छ । ऋक् र सामको मध्यवर्ती यजु हो । ऋक् र साम आयतन हुन् भने यजुः रस हो यो रस ग्रहणयोग्य अर्थात् सर्वजनवेद्य पनि हुन्छ । जस्तै सुन्तलामा बोक्रार छोक्राले रसको संरक्षण गरेको हुन्छ त्यस्तै ऋक् र साम यजुका संरक्षक हुन् । ऋक् तलको संरक्षक हो भने साम माथिको । साम दुई थरीका हुन्छन् रथन्तर र बृहत् । रथन्तर साम पृथिवी वा ऋक् देखि उठेर सूर्य रथसम्म पुग्न सक्छ । यस बीचमा अनेक साम हुन्छन् ऋक् शक्ति अनुसार साममा गति हुन्छ । सूर्यरथभन्दा माथि रथन्तर सामको गति छैन । सूर्यरथभन्दा माथि ब्रह्मलोकसम्म गति भएको बृहत्साम हो । लोककल्पनाको मूल यही हो यहाँसम्म कर्मनाश हुँदैन । आरम्भक ऋक् हो भने फलनिष्पत्ति साम हो । ऋक् र सामको बीचको रस यजुः हो ।

**"यज देवपूजासङ्गतिकरणदानेषु"** धातुबाट उणादि 'उस' प्रत्यय भएर यजुस् शब्द निष्पत्ति हुन्छ । ऋक्, यजुः र सामको स्थिति शास्त्र जस्तै लोकमा पनि हुन्छ । वाक्, मन र प्राण नभएका प्राणी हुँदैनन् । वाक्को गति प्राणसम्म हुन्छ यहाँ वाक् र प्राणले मात्र संसार चल्दैन । वाक् र प्राणरूप आयतनका बीचमा मन हुन्छ । मनबाटै प्रवृत्ति निवृत्त्यादि हुन्छन् । तसर्थ ऋक् वाक् हो भने साम प्राण हो बीचको मन यजुः हो त्यसैले रस हो । यजुबाट सर्वव्यवहार चलेको छ वाक्को महिमा बुझेर ऋगात्मक वाक्को अर्चना गर्नेले मात्र अर्चना गरेको ठहर्छ । **"ऋचः अस्यां त्वर्चति योऽर्चति स वागेवर्चो वाचा ध्यर्चति योऽर्चति सोऽन्तरिक्षमेव यजूंषि द्यौःसामानि, सैषा त्रयी विद्या सौम्येऽध्वरे प्रयुज्यते"** (मा.वा.शतपथ ४।६। ७। १) ऋक्को स्वाद्ध्याय ठूलो अर्चना हो । वाक् ऋक् हो, अतः वाक्द्वारा अर्चना वास्तविक हो । वाक् शब्द हो त्यो अन्तरिक्षमा रहन्छ । अन्तरिक्ष यजुः हो भने द्यौः साम हो । शब्दरूप वाक् कर्ताको अधीनमा हुन्छ कर्ता पृथिवीमानै रहन्छ यसर्थ ऋक्को स्थान पृथिवी हो । त्रयीविधाको प्रयोग सोमयागमा हुन्छ त्यसैगरी वाक्, मन र प्राणबाट निष्पन्न शरीर पनि सौम्य अध्वर अर्थात् सोमयाग नै हो । सर्वत्र रसरूप मनको सङ्कल्पानुसार भोग र अपवर्ग हुन्छ । जस्तो घरको जग ऋक् हो छानो साम हो र घरका कोठाहरू यजु हो भने जस्तै ऋक् पृथिवी हो साम आदित्य हो र यजुः अन्तरिक्ष यी त्रयी नै हुन् । वैदिक परिभाषामा प्राणलाई अग्नि भनिन्छ यी दुई किसिमका हुन्छन् । चित्य र चितेनिधेय चित्यप्राण मत्र्य हो यसलाई जीवात्मा भनिन्छ । यसले आफ्नो चयनद्वारा वस्तुको स्वरूपलाई मूर्त भावमा देखाउने काम गर्छ । आफूले चयन गरेको वस्तुको सुरक्षा गर्ने र त्यहि वस्तुमा बसेर भोग गर्ने र साथै सन्तुष्ट हुने काम चित्य प्राणले गर्छ । चितेनिधेय प्राण अमृतप्राण हो यो अमुर्त हुन्छ यो वस्तु भित्र बाहिर दुवैतर्फ जान सक्छ अत यसको गति बृहत्सामसम्म हुन्छ । ऋक्देखि सामसम्मको प्रत्येकबिन्दुमा हजारौं मण्डल हुन्छन् । मण्डलभित्रको प्राणतत्त्व यजुः हो यसको नियामक चितेविधेय प्राण हो (तत्त्वप्रकाश व्याख्या, खण्ड ५, पृ. २०१ )

**"यावन्तः पाकाः प्रोक्ताः सोमास्तावन्त एव हि"** (महाभारत ३ ।२२२।२७ तत्त्वप्रकाश पृ.२२०) जति अग्नि हुन्छन् । त्यति नै सोम हुन्छन् । नदीहरूको अधिष्ठान अग्नि तत्त्व हो । उपासना दुई भावमा हुन्छ स्त्रीभावमा शक्तिको र प्रभावमा शिवको । शक्तिको उपासना साधिष्ठान हुन्छ भने शिवको एकलोपासना अर्थात् सशक्तिकको हुन्छ । निष्कल तुरीयको उपासना भए संसार हट्छ । अव्याकृत भावको उपासनाले संसार समाप्त हुँदैन । 'ओम्' पदको अर्धमात्राको अर्थ तुरीय हो । तुरीयमा ओम् पदका अ, उ र म अड्दछन् । 'अ' विराट् हो यसमा अध्यास हुन्छ । 'उ'ले हिरयण्गर्भ लाई जनाउँछ । यो विराट भन्दा सूक्ष्म हो । 'म' ले अव्याकृत बुझाउँछ जड चेतन एकीभूत सूक्ष्मभाव यो हो । यस्तो अर्थयुक्त ओ३म्ले वेद समेटेको छ (गीता व्याख्या, खण्ड ५ पृ. २०१) । वेदले ईश्वरको आख्यान गर्छ । ईश्वर जगत् प्रपञ्चको कारण हो । स्त्रीप्रभावमा जगत्प्रपञ्च चलेको छ । सोमगर्भित सौरप्राण प्रधान पुरुष हो अर्थात् सौरप्राणबाट पुरुषको उत्पत्ति हुन्छ । तेजप्रधान पुरुष हो यहाँ पार्थिवभाग सहायक मात्र हुन्छ । सोमगर्भित पार्थिवप्राणप्रधान स्त्रीको आविर्भाव हुन्छ अर्थात् स्त्रीमा सोमतत्त्वको प्रधानता रहन्छ । अग्नि र सोमको पौर्वापर्य क्रम अपेक्षा अनुसार हुन्छ । अग्निबाट जल र जलबाट अग्नि हुन्छ । विलय चाहिँ जलको

अग्निमानै हुन्छ । अधर अरणि र उत्तर अरणिको घर्षणले अग्नि प्रज्वलित हुन्छ यसमा अधर अरणि ऋक् हो भने उत्तर अरणि साम हो र प्रज्वलित अग्नि यजुः हो । ब्रह्म देखाउने शब्दराशि वेद हो । वस्तुतः ब्रह्म बुझाउने साधन ब्रह्मै हो । यसर्थमा शब्दराशिरूप वेदलाई पनि ब्रह्म नै भनिन्छ । **"द्वे ब्रह्मणी वेदितव्ये शब्दब्रह्म परं चयत्"** (मैत्रायणीयोपनिषद् ६ ।२२) किन भने अर्थप्रतिपादनार्थ शब्द चाहिन्छ । उपासनादिमा शब्द जाने होइन अर्थ जान्छ । वेदको वर्गीकरण पनि अर्थको हो । त्रयी प्रोक्त कर्मको फल आदित्य हो र कर्म पनि आदित्यद्वारा नै हुन्छ । सोमसञ्चालक नै आदित्य हो । फल स्वतः रसात्मकै हुन्छ आदित्य फलात्मक हुनाले सबै रस आदित्यमा समेटिन्छ । चाहिएको बेलामा रस आउँछ र नचाहिँदा त्यहीँ रहन्छ । स्त्रीप्रभावमा विस्तारित प्रपञ्च अग्निसोमात्मक भएकाले वेद पनि स्त्रीप्रभावकै हो । वेदको चार भागमा पदार्थ वर्गीकृत छ–स्वज्योति, परज्योति, रूपज्योति र अज्योति । आफैं प्रकाशित हुने स्वज्योति हो, जस्तै सूर्य । अर्काको प्रकाशले प्रकाशित हुने परज्योति हो, जस्तै चन्द्रादि । आफ्नै रूपको व्यञ्जकतामा अन्तबाट प्रकाशित हुने रूपज्योति हुन्, यसमा पृथिवी, जल आदि पर्दछन् । आफू पनि प्रकाशित नहुने अरुबाट पनि प्रकाशित नहुने वायु आदि अज्योति हुन् । उपर्युक्त ज्योतिमध्ये सोमगर्भित सौरप्राण प्रधान पुरुष हो यो स्वज्योति हो । त्यसैगरी सोमगर्भित पार्थिवप्राण प्रधान स्त्री परज्योति हो । परज्योतिमा एकनाशको स्थिति हुँदैन । स्वज्योति पुरुषबाट तेजग्रहण गरी संसार विस्तार गर्नु परज्योतिको प्रयोजन हो । यसै अर्थ स्त्रीको संस्कार पुरुषसहकृतमा हुन्छ, स्वतन्त्र हुँदैन । दुइपक्ष अर्थात् प्रत्येक महिना चन्द्रमा पूर्ण ज्योति भएजस्तै प्रत्येक महिना स्त्रीमा तेजोग्रहणपूर्वक संसारविस्तारार्थ रजोदर्शन भएको हो । ऋक्, यजुः र साम धर्मत्रयविशिष्ट वेद हो । यी त्रयी वेद अग्निमय नै हुन् यो अग्नि नै ब्रह्म हो ।

अग्निमय र आपोमय वेदका दुई धर्मको भेद गर्न सकिन्छ । अथर्व आपोमय वेद हो । अग्निमय वेदका ४ कला छन् ऋक्, साम, यत् र जू । ऋक् र सामको चर्चा भई सकेकोले अब यजुको चर्चा हुन्छ । यत् र जू मिलेर यजुः बन्दछ । यत् बाट गति तत्त्व र जूबाट स्थिति तत्त्व बोध हुन्छ । स्थितिले जललाई पनि सङ्केत गर्दछ त्यसैले जू नै वाक् हो र आकाश हो । वाक्लाई तेजोविकार भनिन्छ तापनि यो जलोत्पादक हो, जस्तै गर्मी भए पसिना आउँछ । यसलाई पुष्टि गर्ने मन्त्र यस्तो छ **"सोऽपसृजत वाच एव लोकान् वागेवास्य सासृज्यतर्सेद सर्वमाप्नोद्यदिदं किञ्च यदाप्नोत्तसमादापो यदवृणेत्तस्माद्वा"** (मा.वा.शत. ६।१।१।९, गीताव्याख्या, पृ. २२०) सर्वप्रथम जलको सृष्टि हुन्छ । जल नै वाक् हो जगत्प्रपञ्च त्यसैले व्याप्त छ । जे प्राप्त हुन्छ वाक्बाट नै हुन्छ । वेदको प्रसङ्गमा जल निर्वचन गर्ने श्रुति यस्तो छ –**"अयमेव आकाशे जूः । यदिदमन्तरिक्षमेतं दय्याकाशमनु जवते तदेतद्यर्जुर्वायुश्र् चान्तरिक्षं च यश्च जूश्च"** (मा.वा.शत. १०।६।५।२) वाक् वा जलले संसारलाई ढाकेको छ त्यसैले जललाई 'वा' पनि भनिन्छ । जू कलाबाट जलकै उत्पत्ति मान्नु उपयुक्त हुन्छ । जल अन्तरिक्षमा छ यो रसमय जल अन्तरिक्षमा दौडन्छ तल पनि झर्दैन माथि पनि जाँदैन त्यसैले यसलाई यजुः भनिन्छ । वायु, अन्तरिक्ष र जु यजुमा आउँछन् यसमा स्थितितत्त्व र गतितत्त्व दुवै समेटिन्छन् । यजुःको प्रतिष्ठा ऋक् साममा छ अर्थात् ऋक् र सामले यसलाई वहन गर्छन् (तत्त्वप्रकाश व्याख्या,खण्ड… पृ. २३)

ऋक्, साम र यत् कलात्रयको प्रतिष्ठा 'जू'मा नै हुन्छ । त्रयीभित्रकै जू भागबाट उत्पन्न रसमय समयजल अर्थववेद हो । त्रयीमयवेदको श्रमजल हो यसलाई ब्रह्म भनिन्छ । त्रयीमयवेद स्वयम्भूब्रह्म हो । स्वयम्भूब्रह्म र सुब्रह्म मिलेसम्म संसार हुन्छ । त्रयीवेदको जूः कलाबाट उत्पन्न आपोमय अथर्ववेदका दुई भाग छन् अङ्गिरा र भृगु । अङ्गिरो अग्निको मूल हो भने भृगु सोमको मूल हो । यी दुवै भागमा तीन तीन आवाज छन् । अग्नि, यम र आदित्य अङ्गिराका तीन भाग हुन् भने आप, वायु र सोम भृगुका तीन अवयव हुन् । घन, तरल र विरल अवस्थात्रयद्वारा क्रमसः आप, वायु र सोमको अनुमान हुन्छ । भृगुका तीन कला अङ्गिराका गर्भमा बस्छन् । आपोमय वेदका अङ्गिरा र भृगुका उक्त ६ वटा कला स्त्रीका हुन् भने अग्निमय वेदका ४ कला पुरुषका हुन् । त्यसैले १० कला सृष्टिका कारण हुन् । यी १० कलाभन्दा बाहिर कारण नै हुँदैन । १० कलाको समष्टि अग्निभाव वा वेदभाव हो, यहि नै विराट्पुरुष हो, वेदपुरुष हो, सनातन वेदमूर्ति हो । यसरी वेदमा अनेकता होइन एकता छ र श्रुति भगवतीको यसबारे उद्घोष छ–**"आपो भृग्वङ्गिरो रूपमापोभृग्वङ्गिरोमयम् ।अन्तरेते त्रयो वेदा भृगूनङ्गिरसः श्रिताः ।।"** (कात्यायन श्रौतसूत्र टीकामा उद्धृत वचन, गीताव्याख्या, पृ. २२०) यसरी अङ्गिरा र भृगुभावमा सबै जगत् अडेको छ । ग्रहमा चाहिँबृहस्पति अङ्गिराको प्रतिनिधि हो भने शुक्र भृगुको प्रतिनिधि हो । यसरी तत्त्वप्रकाश व्याख्यामा वेदशब्दको विस्तृत रूपमा निर्वचन गरिएकोछ यहाँ प्रस्तुत सारसंक्षेप मात्र हो ।

### (१४) निरूपाधिक आत्मा

संसारको सञ्चालक आत्मा हो यसका दुइवटा भेद छन्– सोपाधिक र निरूपाधिक। उपाधिले सहित भएको आत्मालाई सोपाधिक आत्मा भनिन्छ जसमा ईश्वरदेखि सामान्य जीवसम्म पर्दछ । कुनै उपाधि उत्कृष्ट सत्त्वप्रधान होलान् र त्यो उपाधिले उपहित चैतन्य ईश्वरभावमा रहला भने कुनै उपाधि मलीन र तमप्रधान होला र उक्त उपाधिले उपहित चैतन्य तदनुकुल सामान्य जीव होला। यस प्रकारको सोपाधिक आत्माको अधिष्ठान पनिनिरुपाधिक आत्मा नै हो, अतः निरुपाधिक आत्मामा कुनै पनि उपाधि रहँदैन यो मुक्तावस्था हो। लोकले बुझ्ने दुई राशि क्षर र अक्षर हुन्। सम्पूर्ण प्राणीहरू क्षर हुन्, अक्षर कूटस्थ हो। क्षराक्षर धर्माधर्मको सम्पृक्तता छ। यो आरोपित वा आध्यासिक हो, अतः क्षर अशुद्ध हो। भोग्य र भोक्ता क्षराक्षर पुरुष हुन्, यी कल्पित धर्मका आधारमा भनिन्छ। क्षर नाश हुने वाला हो भने अक्षर नाश नहुनेवाला हो त्यसैगरी उभयसम्मिश्रण आध्यासिक हो। क्षर र आध्यासिक लाई हटाउँदा बाँकी रहनेकूटस्थ अक्षर हो त्यो निरुपाधिक आत्मा हो। गीताशास्त्रमा क्षरबाट आध्यासिक त्यसपछि पुरुषोत्तम हुँदै अक्षरब्रह्ममा प्रतिष्ठित हुने सिद्धान्त प्रदर्शन गर्नुभएको छ व्याख्याताले–**"उत्तमः पुरुषस्त्वन्यः परमात्मेत्युदायहृतः"**(गी. १५।१७) **"यस्मात्क्षरमतीतोऽहमक्षरादपि चोत्तमः"**(गी.१५। १८)। पुरुषोत्तम क्षरभन्दा अतीत र अक्षरभन्दा उत्तम छ यो यौगिक पद हो, अतः भगवान् श्रीकृष्णमा यो लक्षण घट्छ अर्थात् कृष्ण नै निरूपाधिक आत्माको साकार स्वरूप हो। अतः परमात्माका तीन भेद प्रष्ट छ भन्न सकिन्छ निर्गुण निराकार अद्वैतस्वरूप, त्यसपछि सगुण साकार र सगुण निराकार यी तीनवटै स्वरूप परब्रह्मका हुन् यहि सिद्धान्तलाई व्याख्याकार प्रा.डा. दीर्घराज घिमिरे गुरुले गीताव्याख्यामा प्रसङ्गानुसार विभिन्न स्थलमा उल्लेख गरी प्रष्ट्याउनु भएको छ।

## (१५) उपसंहार

गीता प्रवचनको शृङ्खलाबाट अघि बढेर पुस्तकाकारमा आएको श्रीमदगवद्गीता तत्त्वप्रकाश व्याख्या (खण्ड ५)का केही विशिष्ट व्याख्याहरूको उल्लेख भएको यो आलेखमा सर्वप्रथम प्रवचनको पृष्टभूमि उल्लेख भएको छ। यो गीता व्याख्या खण्ड ५ मा १३–१८ अध्याय रहेका छन् जसमा क्षेत्र र क्षेत्रज्ञको बारेमा व्याख्या भएको ग्रन्थमा भएको संक्षेप प्रस्तुत भएको छ। त्यसैगरी जीव र ईश्वरमा एकता नै छ भेद भन्ने आध्यासिक हो भन्ने सिद्धान्तलाई प्रष्ट्याउन अविद्याको स्वरूप पनि प्रस्तुत भएको छ। वास्तविक अभेदमा आत्माको अवस्थाको चित्रण पनि यहाँ गरिएको छ, संसार ब्रह्मवृक्ष हो भन्ने सिद्धान्त पनि प्रष्ट पारिएको छ। त्यसपछि वेदार्थ निर्वचनमा वेदका अगिनमा र आपोमय रूप जसमा त्रयी वेद अग्निमय र अथर्व अपोमय स्वरूपको निर्वचन गरिएको छ। त्यसैगरी अग्निमय वेदका चार कला ऋक्, साम, यत् र जू: साथै आपोमय वेदका दुईभाग र प्रत्येकका ३/३ कला जम्मा ६ कला सम्पूर्ण वेदका दशकलाहरूको व्याख्या भएको छ। वेद ब्रह्म हो र ब्रह्म नै वेद हो भन्ने प्रष्ट पार्ने प्रयास गरिएको छ र अन्तमा कूटस्थ निरुपाधिक आत्माकबारेमा पनि प्रष्ट पार्ने प्रयास गरिएको छ।

## सन्दर्भग्रन्थसूची

ईशादि नौ उपनिषद्, सानुवाद शाङ्करभाष्यसहित, गीताप्रेस गोरखपुर वि.सं. २०५८।

छान्दोग्योपनिषद्, सानुवाद शाङ्करभाष्यसहित, गीताप्रेस गोरखपुर वि.सं. २०५८।

बृहदाख्यकोपनिषद्, सानुवाद शाङ्करभाष्यसहित, गीताप्रेस गोरखपुर वि.सं. २०५८।

माध्यन्दिनीय वाजसनेयि संहिता, नागपल्लिसर्स, जवानगर दिल्ली, ई.सं.२००४।

शतपथब्राह्मण वाजसनेयि संहिता, नागपल्लिसर्स, जवानगर दिल्ली, ई.स १९९०।

श्रीमद्भगवद्गीता तत्त्वप्रकाश, घिमिरेदीर्घराज, काठमाण्डौ वि.सं. २०७३।